National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

# विज्ञ सञ्चालक छनौट प्रक्रिया सम्बन्धी थप जानकारी

नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन एबम् परामर्श र राष्ट्रिय सहकारी बैंकको सञ्चालक समिति सम्बन्धी प्राबधान अनुसार बिज्ञ सञ्चालक खुला रुपमा छनौट गरी नियुक्तिको लागि सिफारिस प्रयोजनका लागि सञ्चालक समितिको मिति २०८३ जेष्ठ २७ गतेको निर्णय अनुसार गठित "**विज्ञ सञ्चालक छनौट उपसमिति**" को सिफारिस अनुसार सञ्चालक समितिको २०८३ असार १० गतेको बैठकबाट देहाय अनुसारको प्रक्रिया निर्धारण गरिएको छ ।

१. **योग्यता तथा अनुभवः** विज्ञ सञ्चालक नियुक्ति गर्नको लागि देहाय बमोजिमको योग्यता तथा अनुभव हुनुपर्नेछ।

क. **बैङ्किङ बिज्ञः** व्यवस्थापन, बैङ्किङ, वित्तीय मौद्रिक अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानुन विषयमा स्नातक वा सो सरहको उपाधि हासिल गरी वा चार्टड एकाउन्टेन्सी उत्तीर्ण गरी बैकिङ क्षेत्रको व्यबस्थापन तहमा कम्तीमा पाँच वर्षको कार्य अनुभव रहेको।

ख. **सहकारी बिज्ञः** व्यवस्थापन, बैङ्किङ, वित्तीय मौद्रिक अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानुन विषयमा स्नातक वा सो सरहको उपाधि हासिल गरी बैङ्क वा वित्तीय संस्था वा सम्बन्धीत (सहकारी) क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत वा सोभन्दा माथिको पदमा कम्तीमा दुई वर्षको कार्य अनुभव हासिल गरेको।

२. **निबेदन साथ पेश गर्नुपर्ने कागजात एबम विवरणहरु**

क. व्यक्तिगत विवरण (Bio-Data)

ख. नागरिकता, शैक्षिक प्रमाणपत्र, तालिम, अनुभवका प्रमाणपत्र (स्व—प्रमाणित)

ग. ५,००० शब्द ननाघ्ने गरी तयार गरीएको अवधारणा पत्र - १ प्रति

अ. **बैङ्किङ बिज्ञको लागि** : सहकारीको सिद्धान्त र नेपाल राष्ट्र बैंकको नियमकिय प्रबन्ध अनुरुप राष्ट्रिय सहकारी बैंकको SWOT विश्लेषण सहित व्यवसायको मोडालिटी बारेमा अवधारणा पत्र पेश गर्ने

आ. **सहकारी बिज्ञको लागिः** राष्ट्रिय सहकारी बैंकको दिगो बिकासका लागि रणनीतिक अवधारणा, सु-शासन, जोखिम व्यवस्थापन र दिगोपनाका बारेमा बैंकको SWOT विश्लेषण सहित अवधारणा पत्र पेश गर्ने

घ. स्व:घोषणा

**मूल्याङ्कन सम्बन्धी अंकभार**

निवेदकको मुल्याङ्कन सम्बन्धी समग्र अंक भार (बैंकको निर्बाचन कार्यविधिको दफा १० अनुसार) र सो को बर्गिकरण तपसिल अनुसार हुनेछ ।

| | |
|---|---|
| योग्यता र उपयुक्तता | ५० अंक |
| शैक्षिक योग्यता र अनुभब | ३० अंक |
| तालिम तथा सम्मान | २० अंक |
| **जम्मा** | **१०० अंक** |

**खण्ड कः योग्यता र उपयुक्तता**

**सूचक १ः कानुनी तथा नैतिक इमानदारी - १५ अंक**

| क्र.सं. | मापदण्ड | अंक |
|---|---|---|
| १.१ | कुनै नैतिक पतन हुने फौजदारी कसुरमा दोषी छैन (पछिल्लो ५ वर्ष भित्र) | ५ |
| १.२ | भ्रष्टाचार/ठगी सम्बन्धी अपराधमा दोषी छैन | ४ |
| १.३ | कुनै अदालतमा विचाराधीन मुद्दा/फौजदारी अनुसन्धान छैन | ३ |
| १.४ | कालोसूचीमा छैन/भए ३ वर्ष पूरा भइसकेको छ | ३ |
| | **जम्मा** | **१५** |

**सूचक २ः नियामक अनुपालना स्थिति – १३ अंक**

| क्र.सं. | मापदण्ड | अंक |
|---|---|---|
| २.१ | नेपाल राष्ट्र बैंकबाट औपचारिक कारबाही/निलम्बन भएको छैन | ६ |
| २.२ | नेपाल राष्ट्र बैंकको नियन्त्रण, कारबाही वा विघटनमा परेको संस्थासँग पदीय सम्बन्ध छैन (पछिल्लो ५ वर्ष) | ४ |
| २.३ | नियामकीय निर्देशन उल्लङ्घन गरेको इतिहास छैन | ३ |
| | **जम्मा** | **१३** |

**सूचक ३ः स्वार्थको द्वन्द्व/स्वतन्त्रता – ८ अंक**

| क्र.सं. | मापदण्ड | अंक |
|---|---|---|
| ३.१ | नेपाल राष्ट्र बैंक अनुमतिप्राप्त बैंक/वित्तीय संस्थामा/भुक्तानी प्रदायक संस्था आदिमा सञ्चालक/कर्मचारीको रुपमा कार्यरत छैन | ४ |
| ३.२ | आफ्नै संस्थाको लेखापरीक्षक/सल्लाहकारको रूपमा संलग्न छैन | २ |
| ३.३ | बैंकसँग आफ्नो वा परिवारको प्रत्यक्ष ठेक्का/व्यावसायिक हितको टकराव छैन | २ |
| | **जम्मा** | **८** |

**सूचक ४ः आर्थिक सुदृढता – ११ अंक**

| क्र.सं. | मापदण्ड | अंक |
|---|---|---|
| ४.१ | टाट पल्टेको (Bankrupt) छैन / दामासाही मुद्दा छैन | २ |
| ४.२ | कर दायित्व नियमित रूपमा पूरा गरेको (कर चुक्ता प्रमाणपत्र संलग्न) | ४ |
| ४.३ | व्यक्तिगत वित्तीय स्थिति सुदृढ र पारदर्शी छ (कतै पनि कर्जामा भाखा नाघेको छैन) | ५ |
| | **जम्मा** | **११** |

**सूचक ५: सञ्चालक पदमा उपयुक्तता – ३ अंक**

| क्र.सं. | मापदण्ड | अंक |
|---|---|---|
| ५.१ | उमेर ≥ २१ वर्ष, मानसिक रूपमा स्वस्थ र राम्रो सामाजिक आचरण | १ |
| ५.२ | संसद सदस्य / निर्वाचित सार्वजनिक पद / सरकारी कर्मचारी छैन - स्वघोषणा | २ |
| **जम्मा** | | **३** |

## खण्ड खः शैक्षिक योग्यता तथा कार्य अनुभव

**सूचक १ः शैक्षिक योग्यता – १० अंक**

| क्र.सं. | मापदण्ड | मापन आधार | अंक |
|---|---|---|---|
| १.१ | योग्यता | क. बैङ्किङ विज्ञ<br>• अर्थशास्त्र / वाणिज्य / व्यवस्थापन / कानुनमा PhD: १० अंक<br>• M Phil - ७ अंक<br>• CA — ५ अंक<br>ख. सहकारी विज्ञ<br>• अर्थशास्त्र / वाणिज्य / व्यवस्थापन / कानुनमा PhD: १० अंक<br>• M Phil - ७<br>• CA वा सम्बन्धीत विषयमा स्नाकोत्तर तह: ५ अंक<br>*(दुवै पदको लागि केवल सर्वोच्च योग्यता गणना हुनेछ)* | १० |
| **जम्मा** | | | **१०** |

**सूचक २ः व्यावसायिक दृष्टि – १० अंक**

| क्र.सं. | मापदण्ड | मापन आधार | अंक |
|---|---|---|---|
| २.१ | अवधारणा पत्र (Concept Paper) | अ. **बैंकिङ विज्ञः** सहकारीको सिद्धान्त र नेपाल राष्ट्र बैंकको नियमकिय प्रबन्ध अनुरुप राष्ट्रिय सहकारी बैंकको SWOT विश्लेषण सहित व्यवसायको मोडालिटी बारेमा अवधारणा पत्र पेश गर्ने<br>आ. **सहकारी विज्ञः** राष्ट्रिय सहकारी बैंकको दिगो बिकासका लागि रणनीतिक अवधारणा, सु-शासन, जोखिम व्यवस्थापन र दिगोपनाका बारेमा बैंकको SWOT विश्लेषण सहित अवधारणा पत्र पेश गर्ने | १० |
| **जम्मा** | | | **१०** |

**सूचक ३: सान्दर्भिक कार्य अनुभव – १० अंक**

| क्र.सं. | मापदण्ड | मापन आधार | अंक |
|---|---|---|---|
| ३.१ | क. **बैङ्किङ बिज्ञ**: बैकिङ क्षेत्रको व्यवस्थपन तहमा<br>ख. **सहकारी बिज्ञ**: बैङ्क वा वित्तीय संस्था वा सम्बन्धीत (सहकारी) क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत वा सोभन्दा माथिको पदमा | • ≥ २० वर्ष: १० अंक<br>• १५—२० वर्ष भन्दा कम: ८ अंक<br>• १०—१५ वर्ष भन्दा कम: ६ अंक<br>• ५—१० वर्ष भन्दा कम (नेपाल राष्ट्र बैंक न्यूनतम): ४ अंक<br>*(केवल सर्वोच्च श्रेणी गणना हुनेछ)* | १० |
| **जम्मा** | | | १० |

**खण्ड गः तालिम तथा सम्मान**

**सूचक १: व्यावसायिक प्रशिक्षण – ८ अंक**

| क्र.सं. | मापदण्ड | मापन आधार | अंक |
|---|---|---|---|
| १.१ | Corporate Governance | सञ्चालक/लेखा सुपरिवेक्षण/सुशासन तालिम (≥ २ दिन) | २ |
| १.२ | Risk / AML / CFT | Risk Management वा AML/CFT तालिम पूरा गरेको | २ |
| १.३ | Leadership / Strategy | व्यवस्थापन वा नेतृत्व विकास तालिम | २ |
| १.४ | Digital Banking | IT Security, Fintech वा Digital Banking तालिम | २ |
| **जम्मा** | | | ८ |

**सूचक २: बाह्य Exposure – २ अंक**

| क्र.सं. | मापदण्ड | मापन आधार | अंक |
|---|---|---|---|
| २.१ | Global Seminar / Project | विदेशमा बैंकिङ / वित्तीय वा सहकारी सेमिनारमा सहभागी वा World Bank / ICA / Asian Development Bank / UN परियोजनामाकार्यसम्पादन गरेको | २ |
| **जम्मा** | | | २ |

**सूचक ३: पुरस्कार र सम्मान – ३ अंक**

| क्र.सं. | मापदण्ड | मापन आधार | अंक |
|---|---|---|---|
| ३.१ | Formal Awards | • राज्य, नियामक वा अन्तर्राष्ट्रिय संस्थाबाट सम्मानित वा पुरस्कृतः ३ अंक<br>• सहकारी क्षेत्रमा सम्मानित सञ्चालक/लेखा समिति/उत्कृष्ट कर्मचारी /Manager Award: २ अंक<br>*(केवल सर्वोच्च श्रेणी गणना हुनेछ)* | ३ |
| **जम्मा** | | | ३ |

**सूचक ४ः विचार नेतृत्व – ७ अंक**

| क्र.सं. | मापदण्ड | मापन आधार | अंक |
|---|---|---|---|
| ४.१ | Publications | अर्थतन्त्र/बैंकिङ वा सहकारी सम्बन्धी ≥ १ पुस्तक प्रकाशन | ३ |
| | | राष्ट्रिय दैनिक वा ISSN/ISBN जर्नलमा अर्थतन्त्र / बैंकिङ वा सहकारी सम्बन्धी ≥ १ लेख प्रकाशन | २ |
| ४.२ | Speaker / Trainer | विश्वविद्यालय, नेपाल राष्ट्र बैंक, NBI वा औपचारिक मञ्चमा ≥ १ पटक Resource Person | २ |
| **जम्मा** | | | **७** |

**विशेष प्रावधानहरु :**

- *खण्ड "क" को सूचक १ र सूचक २ का कुनै पनि बुँदामा शून्य (०) आएमा - स्वतः अयोग्य (Disqualified) हुनेछ ।*
- *बिज्ञ सञ्चालकको नियुक्ति भएको ७ दिन भित्र सम्बन्धीत बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाको सञ्चालक/लेखा सुपरिबेक्षण समिति सदस्य/कर्मचारी बाट राजिनामा स्वीकृति गरी सक्नु पर्नेछ ।*
- *बैंकको २२ औं बार्षिक साधारण सभाको संस्थाको प्रतिनिधि र प्रतिनिधिको परिवारको सदस्य बिज्ञ सञ्चालकमा नियुक्त हुन सक्नेछैनन।*

३. **उमेद्वार छनौटको आधार** : मुल्याङ्कन अंक तालिका (छनौट आधार) मा उल्लेख भए अनुसार सबै भन्दा बढी अंक प्राप्त गर्ने सम्बन्धीत क्षेत्रको बिज्ञलाई बिज्ञ सञ्चालकको रुपमा नियुक्ति गरिनेछ ।

## स्व:घोषणा पत्र

.......... जिल्ला, .......... गाउँपालिका/नगरपालिका वडा नं. ....... बस्ने .............. को नाती/नातिनी, .............. का छोरा/छोरी, वर्ष ....... को म .......................... ले राष्ट्रिय सहकारी बैंक लिमिटेडको विज्ञ सञ्चालक पदमा आवेदन पेश गर्ने क्रममा देहाय बमोजिम स्वघोषणा गर्दछु:

१. मैले कुनै फौजदारी, नैतिक पतन देखिने कसुर, भ्रष्टाचार, ठगी, बेइमानी वा जालसाजी सम्बन्धी अपराधमा अदालतबाट सजाय पाएको छैन।

२. यदि त्यस्तो कसुरमा सजाय पाएको भएमा सो सजाय भुक्तान भएको मितिले कम्तीमा पाँच वर्ष पूरा भएको छ।

३. मेरो पूर्व कारोबारमा नेपाल राष्ट्र बैंक वा कुनै बैंक तथा वित्तीय संस्थाबाट निलम्बन गरिएको छैन।

४. नेपाल राष्ट्र बैंकबाट गरिएको कुनै अनुसन्धानमा शंकास्पद कारोबारमा संलग्न रहेको भनी किटान गरिएको छैन।

५. यदि पहिले निलम्बन भएको भएमा त्यस्तो निलम्बनबाट फुकुवा भएको कम्तीमा पाँच वर्ष पूरा भएको छ।

६. म कालोसूचीमा परेको छैन; परेको भए फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको छ।

७. मैले प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर, राजस्व तथा अन्य वित्तीय दायित्वहरू पूर्ण रूपमा चुक्ता गरेको छु।

८. म टाट पल्टेको (Bankrupt) घोषित भएको छैन वा दामासाही प्रक्रियामा परेको छैन।

९. मैले बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा दुरुपयोग गरेको छैन र सो सम्बन्धमा अदालतमा मुद्दा चलिरहेको छैन।

१०. सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलापमा लगानी वा अन्य गम्भीर आर्थिक अपराध सम्बन्धी कसुरमा ममाथि मुद्दा चलेको छैन वा सजाय पाएको छैन।

११. म कुनै आपराधिक अनुसन्धान वा छानबिनको क्रममा रहेको छैन।

१२. संस्थागत र नियामकीय अवस्था सम्बन्धी घोषणाः

१३. नेपाल राष्ट्र बैंकले व्यवस्थापन आफ्नो नियन्त्रणमा लिएको, निलम्बन गरेको वा विघटनमा परेको संस्थासँग मेरो विगत ३ वर्षभित्र पदीय सम्बन्ध रहेको छैन।

१४. म सञ्चालक पदको लागि आवश्यक योग्यता, इमानदारी र नैतिक आचरण भएको व्यक्ति हुँ।

१५. म कुनै त्यस्तो अवस्थामा छैन जुन नेपाल राष्ट्र बैंकको Fit & Proper Test अनुसार सञ्चालक हुन अयोग्य मानिन्छ।

१६. माथि उल्लेखित सम्पूर्ण विवरणहरू सत्य र यथार्थ छन्। यसमा कुनै कुरा झूटा प्रमाणित भएमा प्रचलित कानून बमोजिम हुने सजाय स्वीकारगर्नेछु।

दस्तखत :

नाम थर : बाबुको नाम :

बाजेको/पतिको नाम :

ठेगाना :

नागरिकता लिएको जिल्ला :

नागरिकता नं. :

मिति :